राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Monthly Publication

Volume 22, Issue 4 No. 147 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Mangsir 2079 (Nov-December 2022)

## नेपाल टेलिकमको ई-सिम देशभर उपलब्ध

नेपाल टेलिकमले २०७९ मंसिर ८ गते देखि ग्राहकहरुको रुचि र मागलाई ध्यानमा राखी मुलुकभरका सम्पूर्ण दूरसञ्चार कार्यालयहरुबाट ई-सिम वितरण गरिरहेको छ । कम्पनीले ई-सिम २०७९ भाद्र ३१ गतेदेखि काठमाडौंको सुन्धारास्थित ग्राहक सेवा केन्द्रबाट वितरण शुरु गरेको थियो । हालका लागि पहिलेदेखि नै कम्पनीका सिमकार्ड प्रयोग गरिरहनुभएका पुराना प्रिपेड तथा पोस्टपेडका ग्राहकहरुले सिमकार्ड परिवर्तन गर्न चाहेमा कम्पनीले निःशुल्क ई-सिम उपलब्ध गराइरहेको छ ।

ई-सिम परम्परागत रुपले प्रयोग हुँदै आएको फिजिकल सिमको आवश्यकता नपर्ने गरी विकास भएको प्रविधि हो र यसलाई इलोक्ट्रोनिक वा Virtual SIM पनि भन्न सकिन्छ । यो Virtually स्वतः मोबाइल सेटमा हटाउन नपर्ने गरी Configure (जडान) गरिएको हुन्छ । यसमा Rewrite गर्न, Disable गर्न र प्रयोगकर्ताको आवश्यकता बमोजिमका नेटवर्कका मोबाइल नम्बर प्रयोगमा ल्याउन सकिन्छ ।

सुरक्षाका हिसाबले फिजिकल सिम र ई-सिम दुवै उस्तै हुन् । ई-सिम बनाउनका लागि निर्धारित विश्वव्यापी मापदण्ड र प्रक्रिया पूरा गरी निर्माण गरिने भएकाले ई-सिम सुरक्षित र भरपर्दो रहेको छ ।

ई-सिम बिग्रने सम्भावना न्यून भएको र लामो समयसम्म टिकाउ हुन्छ । यस प्रविधिमा मोबाइल सेटको चिपमा प्रयोगकर्ताको प्रोफाइल राखिन्छ । सामान्य सफ्टवेयर मात्र भएकाले ई-सिमलाई फाइलका रुपमा पनि आदान प्रदान गर्न सकिन्छ ।

मोबाइल सेटमा ई-सिम इन्स्टल गर्नका लागि क्यूआर कोडमार्फत स्क्यान गर्नुपर्छ । क्यूआर कोडको सुविधा भएका पछिल्लो पुस्ताका मोबाइल सेटमा मात्र ई-सिम प्रयोग गर्न सकिन्छ । त्यसैले सबैभन्दा पहिले आफ्नो मोबाइल सेटमा ई-सिम चल्ने/नचल्ने यकिन गरेर मात्र ई-सिमका लागि कम्पनीका ग्राहक सेवा केन्द्रमा जानुहुन ग्राहकवर्गमा अनुरोध छ । यसका लागि आफ्नो मोबाइलबाट *#06# डायल गर्नुपर्छ । यसरी डायल गर्दा EID लेखिएको संकेतसहित नम्बरहरु देखियो भने उक्त सेटमा ई-सिम चल्छ भनी थाहा पाउन सकिन्छ ।

त्यसैगरी आइफोन र एन्ड्रोइड सिस्टमयुक्त मोबाइल सेटको सेटिङमा भएका विभिन्न अप्सन हेरेर पनि ई-सिम चल्ने वा नचल्ने पत्ता लगाउन सकिन्छ । आइफोन वा एन्ड्रोइडको सेटिङमा 'Add Mobile Plan' वा 'Add Data Plan' भन्ने अप्सन देखियो भने पनि त्यसमा सामान्यतः ई-सिम चल्छ भन्ने कुरा थाहा हुन्छ ।

फिजिकल सिम प्रयोग गरिरहेका कम्पनीका पुराना पोस्टपेड र प्रिपेड ग्राहकहरुले निःशुल्क रुपमा ई-सिम लिन सक्नेछन् भने नयाँ पोस्टपेड सेवा लिन चाहने ग्राहकलाई हालको बिक्री मूल्यमै ई-सिम उपलब्ध गराइने छ । ई-सिम सपोर्ट गर्ने मोबाइल सेट भएका नेपाल टेलिकमका पहिलेदेखिका ग्राहकले सो सिम लिनका लागि आवश्यक फारम भरेर बुझाउनु पर्दछ ।

ई-सिम एक प्रकारको भर्चुअल अर्थात इलेक्ट्रोनिक सिम हो । ई-सिम उपलब्ध भएपछि अहिलेको जस्तो भौतिक रुपमा प्रयोग गरिने सिमकार्डको आवश्यकता पर्दैन । यसबाट फोन गर्ने र डाटा चलाउने लगायत फिजिकल सिमबाट सम्पन्न गरिने सम्पूर्ण कार्य गर्न सकिन्छ ।

मोबाइल सेटबाहेक ई-सिमलाई अन्य डिभाइस तथा स्मार्ट वाच र शरीरमा पहिरिन योग्य विभिन्न प्रकारका डिभाइस (Wearable Device) हरुमा समेत प्रयोग गर्न सकिन्छ ।

## बढी आयकर बुझाउने नेपाल टेलिकम सम्मानित

आर्थिक वर्ष २०७७/७८ मा संस्थागततर्फ सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाताको रुपमा नेपाल टेलिकम सम्मानित भएको छ । गत मंसिर ७ गते आयोजित एक कार्यक्रमका बीच नेपाल टेलिकमलाई अर्थ सचिव कृष्णहरी पुष्करले सम्मानित गर्नुभएको हो । नेपाल टेलिकमको तर्फबाट प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठले अर्थ सचिवबाट सो सम्मान ग्रहण गर्नुभयो ।

आन्तरिक राजस्व विभागले हरेक वर्ष मंसिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई पनि सम्मानित गर्दै आएको छ । यस वर्ष निर्वाचन आचारसंहिता लागू भएका कारण विभागले सम्मान वितरण कार्यक्रम मंसिर ७ गते राखेको थियो । सो अवसरमा नेपाल टेलिकम सहित सबैभन्दा धेरै कर तिर्ने १५ संस्थालाई सम्मानित गरिएको थियो ।



# मोबाइलबाट मोबाइलमै हजारौं सन्देश पठाउन सकिने सेवा उपलब्ध

नेपाल टेलिकमले कम्पनीका ग्राहकहरुले आफ्नो मोबाइल नम्बरबाट एकै पटक धेरै व्यक्तिहरुलाई सामूहिक सन्देश (Group SMS) पठाउन सकिने सेवा सञ्चालनमा ल्याएको छ। हाल ग्राहकहरुको रुचि र आवश्यकतालाई ध्यानमा राखी अफरका रुपमा ल्याइएको यो सेवा २०७९ कात्तिक ८ गतेदेखि सञ्चालनमा ल्याइएको हो।

यो अफर अन्तर्गत २ हजार, ५ हजार र १० हजार वटा मोबाइल नम्बरमा एकैपटक सन्देश पठाउन सकिने सामूहिक सन्देश (Group SMS) सेवा उपलब्ध हुनेछ। प्रति सन्देश मात्र ५० पैसामा पठाउन सकिने यस प्याकमा २ हजार एसएमएस २ दिनभित्र पठाउन जम्मा रु. १००० मात्र लाग्नेछ। त्यसैगरी रु. २,५०० मा ५ दिन भित्रमा ५ हजार एसएमएस पठाउन सकिने प्याक र रु. ५ हजारमा १० दिन भित्रमा १०,००० एसएमएस पठाउन सकिने प्याक उपलब्ध हुनेछ। कम्पनीको नेटवर्कभित्र मात्र प्रयोग गर्न सकिने यो सुविधामा लाग्ने दस्तुरमा कुनैपनि कर समावेश छैन।

यो सेवा प्रयोग गर्नका लागि प्रयोगकर्ताको नाममा रहेको कम्पनीको सिमकार्ड प्रयोग गर्नुपर्नेछ र प्रेषित सन्देशको शब्द तथा भाव लगायतका बारेमा पठाउने व्यक्ति स्वयं पूर्ण जिम्मेवार हुनुपर्नेछ।

यो सेवा प्रयोग गर्नका लागि groupsms.ntc.net.np लगइन गरी प्याकेज खरिद गर्न सकिने छ। ग्राहकले आफ्नो मोबाइलबाट सामूहिक सन्देश पठाउनको लागि आफ्नो contact भा भएका नम्बरहरु excel sheet मार्फत अपलोड गरी सन्देश पठाउन सकिने व्यवस्था गरिएको छ।




## म्याग्दीका दुर्गम भेगमा मोबाइल सेवा



कम्पनीले म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका वडा ७ चिमखोलामा थ्रीजी सेवा सञ्चालनमा ल्याएको छ। चिमखोलाको पुस्टिबाङमा बिटीएस स्थापित गरी थ्रीजी र टुजी मोबाइल सेवा उपलब्ध गराएपछि कुइनेमंगलेका ६ वटा गाउँका वासिन्दाहरु सेवाबाट लाभान्वित भएका छन्। यसबाट कुइनेमंगलेका ६ वटा गाउँका करिब एक हजार घरपरिवारका लागि मोबाइल सेवा उपलब्ध भएको वडा नम्बर ७ का वडाध्यक्ष थक बहादुर पाइजाले बताए।

साथै चिमखोलाकै पाल्तेखेत र जस्लाबाङका झण्डै २ सय परिवारका लागि पनि यही बिटीएसबाट मोबाइल सेवा उपलब्ध भएको छ। यस बिटीएसबाट ठूलो जंगल क्षेत्रमा पनि सेवा उपलब्ध हुने भएकाले जंगल जाने मानिसका साथै भेडाबाखा चराउने र गोठ राख्ने व्यवसायीहरुका लागि पनि मोबाइल सेवा उपलब्ध भएकाले निकै सजिलो भएको पाइएको छ।

यसैगरी कम्पनीले म्याग्दी जिल्लाकै अर्को अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ४ को छोटेपा क्षेत्रमा पनि थ्रीजी सेवा सञ्चालनमा ल्याएको छ। यसबाट स्थानीय वासिन्दाका साथै निर्माणाधिन निलगिरी जलविद्युत आयोजनालाई पनि सहज भएको छ। सयौं स्थानीय वासिन्दाका साथै जलविद्युत आयोजनामा कार्यरत १२ सय कर्मचारी तथा मजदूरहरु यसबाट लाभान्वित भएका छन्।

## पाल्पाको रामपुर क्षेत्रमा एफटीटीएच सेवा

नेपाल टेलिकमले पाल्पा जिल्लाको पूर्वी भेग रामपुरका अधिकांश वस्तीहरुमा उच्च गतिको इन्टरनेट, टेलिभिजन र टेलिफोन समेत चलाउन मिल्ने वाइफाई सेवासहितको एफटीटीएच सेवा उपलब्ध गराएको छ। रामपुर नगरपालिकाका बेझाङबजार चोक, श्रीनगर होटल क्षेत्र, बाङ्गेपसल जाने बाटो वरिपरि, मटेर जाने सडक र विजपुर लगायत स्थानहरुमा एफटीटीएच सेवा उपलब्ध गराइएको हो।

ग्राहकहरुले एफटीटीएच सेवामा विद्यमान द्रुत गतिको इन्टरनेट सेवा, टेलिभिजन सेवा तथा भ्वाइस सेवा सबै लिन पनि सक्नुहुनेछ भने आफ्नो आवश्यकता बमोजिम उल्लेखित सेवाहरुमध्येबाट छानेर लिन पनि सकिनेछ। हाल कम्पनीले एफटीटीएच सेवाका सेवाग्राहीहरुलाई अत्यन्त सुलभ दरमा ८ एमबीपीएसदेखि १०० एमबीपीएस क्षमताका इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ।

कम्पनीले एक वर्षको प्याकेज खरिद गर्ने ग्राहकहरुलाई सय मिटरसम्मको अप्टिकल फाइबर केबल र सीपीई निःशुल्क उपलब्ध गराउँदै आएको छ। एफटीटीएच सेवामा एक महिने, तीन महिने र एक वर्षे प्याकेज पनि उपलब्ध गराइएको छ। यस सेवामा आइपीमा आधारित एचडी टेलिभिजनको मज्जा लिन सकिने भएकाले एनटीटिभीप्रति पनि ग्राहकको रुचि पाइएको छ।

निकट भविष्यमा रामपुर नगरपालिका क्षेत्रमा पर्ने वस्तीहरु किसान बारी, रातमाटा र इश्लामपुर लगायतका स्थानमा पनि यो सेवा वितरण गर्ने तयारी कम्पनीको रहेको छ।

## बनेपा अन्तर्गतका कार्यालयहरूमा शनिबार पनि ग्राहक सेवा

सुलभ दरमा अत्याधुनिक दूरसञ्चार सेवाहरु मुलुकभर सहज रुपमा उपलब्ध गराउँदै आएको नेपाल टेलिकमले सेवा वितरण तथा मर्मत सम्भारका कार्यहरु बिदाका दिनमा पनि सम्पन्न गर्दै आएको छ। यस क्रममै दूरसञ्चार कार्यालय बनेपा अन्तर्गतका कार्यालयहरुबाट शनिबार (बिदाको दिन) पनि ग्राहक सेवा उपलब्ध गराउन थालिएको छ। कम्पनीका ग्राहक सेवा केन्द्रहरु पाँचखाल (काभ्रे), चौतारा र बाह्रबिसे (सिन्धुपाल्चोक), मन्थली (रामेछाप), चरिकोट (दोलखा) र सिन्धुलीमाढी (सिन्धुली) बाट पनि शनिबारको दिन सेवा उपलब्ध गराइएको हो।

शनिबार पनि बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म खुल्ला रहने ग्राहक सेवा केन्द्रबाट मोबाइल हराएका तथा सिमकार्ड बिग्रिएका ग्राहकहरुका अतिरिक्त नयाँ सिमकार्ड खरिद गर्ने र शुल्क बुझाउने ग्राहकहरु समेत लाभान्वित हुन सक्नुहुनेछ। शनिवारीय ग्राहक सेवा केन्द्र सेवाबाट विशेषतः मोबाइल हराएका र सिमकार्ड बिग्रिएका ग्राहकहरुबाट सकारात्मक र उत्साहप्रद प्रतिक्रिया प्राप्त भएको छ।

## हुम्लाको लिमीमा कम्पनीको मोबाइल सेवा शुरु

अत्यन्त विकट र दुर्गम हिमाली तथा पहाडी वस्तीहरुमा लागतको पर्वाह नगरी त्यहाँका वासिन्दालाई अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको नेपाल टेलिकमले हुम्लाको पनि हिमाल पारीको गाउँ भनेर चिनिने लिमी क्षेत्रमा मोबाइल सेवा उपलब्ध गराएको छ। हालै मोबाइल टावर निर्माण गरी सेवा प्रवाह गरेपछि त्यस भेगमा पर्ने तिला, जाङ र हल्जी लगायतका गाउँका वासिन्दाले पहिलो पटक अत्याधुनिक दूरसञ्चार सेवा उपयोग गर्ने मौका पाएका छन्। दुर्गम स्थानहरुमा सामग्री र उपकरणहरु ढुवानी गर्न धेरै समय लाग्ने भएकाले सेवा प्रवाह गर्न सुगमको तुलनामा केही बढी समय लाग्ने गरेको छ।

# विश्वकपका अवसरमा ग्राहकलाई सुलभ दरका प्याकेज

नोभेम्बर २० अर्थात् मंसिर ४ गतेदेखि कतारमा आयोजना भएको विश्व कप फुटबल-२०२२ सहजै हेर्न सहयोग पुर्‍याउने उद्देश्यले नेपाल टेलिकमले आफ्ना एनटीटीभी ग्राहकहरुका लागि फिफा वर्ल्ड कप प्याकेज (FIFA World Cup Package) उपलब्ध गराएको छ । विश्वकप अन्तर्गतका सम्पूर्ण खेलहरु सुलभ दरमा हेर्नका लागि कम्पनीले यस्तो व्यवस्था गरेको हो ।

फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि निर्धारित करसहितको शुल्क रु. ५६५।- एनटीटीभीका ग्राहकहरुले कम्पनीका ग्राहक सेवा केन्द्रमा नगई घरमै बसेर पनि खरिद गर्न सकिने व्यवस्था गरेको छ । यसका लागि वर्ल्ड कप प्रसारण हुने हिमालय प्रिमियम एचडी टेलिभिजन च्यानलमा गई 'बाई प्याकेज' (Buy Package) मा क्लिक गरी आफ्नो मोबाइल नम्बर इन्ट्री गर्नुपर्छ । त्यसपछि नेपाल टेलिकमबाट प्राप्त ओटीपी (OTP) प्रयोग गरी सेवा खरिद गर्नुपर्छ । सेवा खरिद गर्दा लाग्ने रकम ग्राहकको मोबाइल ब्यालेन्सबाट काटिने व्यवस्था छ ।

फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि तोकिएको फिफा वर्ल्ड कप प्याकेज (FIFA World Cup Package) खरिद गर्ने कम्पनीका एनटीटीभी सेवाका ग्राहकहरुलाई उक्त प्याकेज खरिद गर्न प्रयोग गरिएको मोबाइल नम्बरमा कम्पनीका तर्फबाट २८ (अठ्ठाइस) दिनसम्म प्रयोग गर्न सकिने १२ जिबी




डाटा समेत निःशुल्क उपलब्ध गराइएको छ ।

फिफा वर्ल्ड कप-२०२२ हेर्नका लागि निर्धारित करसहितको शुल्क रु. ५६५।- एनटीटीभीका ग्राहकहरुले नजिकको कम्पनीको ग्राहक सेवा केन्द्रमा गएर पनि बुझाउन सकिन्छ ।

# नेपाल टेलिकमको आ.व.२०७९/८० को प्रथम त्रैमासिकको वित्तीय विवरण

नेपाल टेलिकमले गत आर्थिक वर्षको प्रथम त्रैमासिकको तुलनामा यस आ.व.को प्रथम त्रैमासिकमा कुल आयतर्फ ०.८० प्रतिशतले सुधार गरेको छ । गत आ.व. को प्रथम त्रैमासिक अवधि (२०७८ आश्विन मसान्त) सम्मको कुल आय रु. १० अर्ब ९५ करोड २३ लाख ४६ हजार रहेकोमा चालु आ.व. को सोही अवधि (२०७९ आश्विन मसान्त) सम्ममा कुल आय रु. ८ करोड ७७ लाख ४३ हजार (अर्थात् ०.८० प्रतिशत) ले वृद्धि भई रु. ११ अर्ब ४ करोड ९० हजार पुगेको छ ।

गत आ.व. को प्रथम त्रैमासिक अवधि (२०७८ आश्विन मसान्त) सम्ममा कम्पनीको कुल सञ्चालन आय रु. ९ अर्ब ७७ करोड ५२ लाख ९४ हजार रहेकोमा चालु आ.व. को सोही अवधि (०७९ आश्विन मसान्त) सम्ममा रु. ६९ करोड ७७ लाख ९ हजार (अर्थात, ७.१४ प्रतिशत) ले कमी भई रु. ९ अर्ब ७ करोड ७५ लाख ८५ हजार कायम रहेको छ ।

गत आ.व. को प्रथम त्रैमासिक अवधि (२०७८ आश्विन मसान्त) सम्मको खुद मुनाफा रु. २ अर्ब २५ करोड ९९ लाख ४ हजार रहेकोमा चालु आ.व. को सोही अवधि (२०७९ आश्विन मसान्त) सम्ममा रु. ३ करोड ४३ लाख ८० हजार (अर्थात, १.५२ प्रतिशत) ले कमी भई रु. २ अर्ब २२ करोड ५५ लाख ७ हजार रहेको छ ।

यसैगरी, गत आ.व. को प्रथम त्रैमासिक अवधिसम्मको तुलनामा चालु आ.व.को सोही अवधिसम्मको खुद मुनाफामा परिवर्तन हुनुको प्रमुख कारणहरु निम्नानुसार रहेको :

**कार्य सञ्चालन आयमा वृद्धि :**

- डाटा सेवाको प्रयोगमा वृद्धि भएका कारण जीएसएम डाटातर्फ करिब रु. ११ करोड ४० लाख वृद्धि भएको ।

**कार्य सञ्चालन आयमा कमी :**

- अन्तरआबद्धता सम्बन्धी निर्देशिका अनुसार Domestic अन्तरआबद्धता शुल्क (Tariff) मा कमी आएको र OTT सेवाको बढ्दो प्रयोगका कारण अन्तरआबद्धता आयमा करिब रु. १० करोडले कमी भएको । साथै OTT सेवाको बढ्दो प्रयोगका कारण Voice सेवाको समग्र आयमा कमी भएको ।
- मौसमको प्रतिकूल असरले गर्दा विद्युत आपुर्ति तथा मर्मत सम्भार कार्य समयमा हुन नसकेकोले साइटहरु समयमा सञ्चालन हुन नसकेको ।
- आर्थिक ऐन, २०७९ बाट दूरसञ्चार सेवा दस्तुरमा भएको परिवर्तनको कारण राजस्वमा प्रभाव पर्न गएको ।
- कोभिड लगायत विभिन्न कारणले गर्दा विश्वव्यापी आर्थिक मन्दीका कारण देशको आर्थिक अवस्थामा परेको असरले क्रयशक्तिमा आएको परिवर्तनले पारेको प्रभाव ।

**गैर कार्य सञ्चालन आयमा भएको परिवर्तन :**

- बैंक ब्याजदरमा भएको परिवर्तनका कारण ब्याज आम्दानीमा करिब रु. ७९ करोडले वृद्धि भएको ।
- विदेशी विनिमय दरमा भएको परिवर्तनका कारण करिब रु. ७ करोड Foreign Exchange Gain भएको ।
- कम्पनीको लेखा नीति तथा IFRS/NFRS बमोजिम गणना गर्दा Impairment तथा Finance Cost मा गत आ.व.मा भन्दा कमी आएको ।
- आ.व.२०७९/८० देखि कर्मचारीहरुको तलब सुविधामा वृद्धि भएको कारणले कर्मचारी खर्च वृद्धि हुन गएको ।

# आम निर्वाचनमा टेलिकमको 'निर्वाचन अफर'




गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा सूचना आदान प्रदान गर्न र निर्वाचन परिणाम थप सहजताका साथ मोबाइलमै प्राप्त गर्नका लागि नेपाल टेलिकमले निर्वाचन अफर (Election Offer) उपलब्ध गराएको थियो ।

उक्त अफरमार्फत अझ सहज दरमा डाटा र भ्वाइस प्याकहरु उपलब्ध गराइएको थियो । डाटा प्याक अन्तर्गत १० दिनसम्म प्रयोग गर्न सकिने २० जीबी डाटा जम्मा रु. २९४ मा उपलब्ध गराइएको थियो । यसैगरी ६ जीबी डाटा ३ दिनसम्म प्रयोग गर्न सकिने प्याक जम्मा रु. ९८ मा उपलब्ध थियो । एक दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने १ एमबीपीएस डाटा प्याक र अननेट अनलिमिटेड भ्वाइस प्याक जम्मा रु. ४९ मा उपलब्ध गराइएको थियो । २०७९ कात्तिक २७ गतेदेखि २०७९ मंसिर ११ गतेसम्मका लागि उपलब्ध गराइएका उल्लेखित प्याकहरु जुनसुकै समय (All Time) प्रयोग गर्न सकिन्थ्यो ।

मंसिर ११ गतेसम्म मोबाइलबाट *1415*11# डायल गरी वा 'नेपाल टेलिकम एप' प्रयोग गरी सो अफर खरिद गरी प्रयोग गर्न सकिन्थ्यो ।

# अत्याधुनिक दूरसञ्चार सेवाहरूबाट भरिपूर्ण वागमती प्रदेश

मुलुकको राजधानी समेत समेटिएको नेपाल टेलिकमको वागमती प्रादेशिक निर्देशनालय अन्तर्गतका सबै १३ वटै जिल्लाहरु र यस अन्तर्गतका भूभागहरुमा कम्पनीको मोबाइल सेवा, ल्यान्डलाइन टेलिफोन र एफटीटीएच सेवालगायतका विभिन्न सेवाहरु उपलब्ध रहेका छन् । तराईका भूभागदेखि पहाडी र हिमाली क्षेत्र पनि विद्यमान यस प्रदेशका कतिपय कमजोर नेटवर्क भएका स्थानहरु पहिचान गरी प्रादेशिक निर्देशनालयले नयाँ नेटवर्क विस्तारका योजनाहरु कार्यान्वयनमा ल्याइरहेको छ । दूरसञ्चारका अत्याधुनिक सेवाहरुमध्येको मोबाइल र एफटीटीएच सेवा यस प्रदेशका सबै जिल्लामा माग बमोजिम उपलब्ध रहेका छन् ।

## वागमती प्रदेशमा मोबाइल सेवा

हाल यस प्रादेशिक निर्देशनालयमा फोरजीका १०७५, थ्रीजीका ९९८ र टुजीका १०७४ वटा साइटहरुमार्फत मोबाइल सेवा उपलब्ध भइरहेको छ । भक्तपुर जिल्लामा मोबाइल सेवा उपलब्ध गराउनका लागि फोरजीका ८५ वटा, थ्रीजीका ७६ वटा र टुजीका ७७ वटा साइटहरु सञ्चालनमा रहेका छन् । यसैगरी चितवनमा १०१ फोरजी, ९९ थ्रीजी र १०९ वटा टुजी साइटहरुमार्फत मोबाइल सेवा उपलब्ध गराइएको छ । धादिङमा फोरजी ४६, थ्रीजी ३१ र टुजी ४६, दोलखामा फोरजी २५, थ्रीजी १७ र टुजी २५ तथा काभ्रेपलाञ्चोकमा फोरजी ६०, थ्रीजी ५२ र टुजीका ७० वटा साइटबाट मोबाइल सेवा प्रवाह गरिएको छ । मुलुककै राजधानी समेत रहेको काठमाडौं जिल्लामा फोरजी ४०८, थ्रीजीका ४३२ र टुजीका ३८५ वटा साइटमार्फत मोबाइल सेवा उपलब्ध गराइएको छ । ललितपुरमा फोरजी १२६, थ्रीजी १२७ र टुजी १११, मकवानपुरमा फोरजी ७९, थ्रीजी ५२ र टुजी ८०, नुवाकोटमा फोरजी ३७, थ्रीजी २४ र टुजी ३६ तथा रामेछापमा फोरजी २८, थ्रीजी २० र टुजीका ३२ वटा साइटहरुले मोबाइल सेवा उपलब्ध गराइरहेका छन् । यसैगरी रसुवामा फोरजी ९, थ्रीजी १३ र टुजी १४, सिन्धुलीमा फोरजी ३१, थ्रीजी ३५ र टुजी ४१ वटा तथा सिन्धुपाल्चोकमा फोरजी ४०, थ्रीजी ३५ र टुजीका ४८ वटा साइटहरुबाट मोबाइल सेवा प्रवाह गरिएको छ ।

**प्रदेश गतिविधि**

## वागमती प्रदेशमा एफटीटीएच

वागमती प्रादेशिक निर्देशनालयमा रहेका १३ वटै जिल्लामा एउटै लाइनबाट ३ वटा सुविधाहरु प्रयोग गर्न सकिने एफटीटीएच सेवा विस्तार भइसकेको छ । धादिङ, बनेपा र चरिकोटमा त पुरानो तारवाला टेलिफोन सेवालाई एफटीटीएच सेवाले विस्थापित गरिसकेको छ । हालसम्म नयाँ र माइग्रेसन गरी १ लाख ११ हजार ४०५ लाइन एफटीटीएच सेवा चालु अवस्थामा रहेका छन् । एक वर्षको लागि एफटीटीएच सेवाको प्याक लिने ग्राहकलाई दैनिक ३ सय एमबी डाटा प्रयोग गर्न सकिने गरी वार्षिक १ सय ६ जिबी डाटा निःशुल्क उपलब्ध गराइएको छ ।

आर्थिक वर्ष २०७९/८० मा वागमती प्रादेशिक निर्देशनालयले थप १ लाख ३९ हजार लाइन एफटीटीएच वितरण गर्ने लक्ष्य राखेको छ । यस अनुसार २०७९ असोज मसान्तसम्म ४ लाख ५३ हजार ६३२ लाइन वितरण गर्ने क्षमता सहितको सिस्टम स्थापित गरिसकिएको छ । हाल वागमती प्रादेशिक निर्देशनलायले यस अन्तर्गतका १३ वटा जिल्लाहरुका ५७ स्थानबाट एफटीटीएच सेवा वितरण गरिरहेको छ । दूरसञ्चार कार्यालय पाटन अन्तर्गत पाटन, ग्वार्को, लुभु, ठैब, सैंबु र ठेचोबाट यो सेवा प्राप्त गर्न सकिन्छ । दूरसञ्चार कार्यालय सुन्धारा र बबरमहलबाट पनि एफटीटीएच सेवा वितरण भइरहेको छ । छाउनी कार्यालय अन्तर्गत छाउनी, हलचोक, एनबिटिसी, कीर्तिपुर, बलम्बु, गल्छी, धादिङ र नैकापस्थित कार्यालयबाट पनि सेवा लिन सकिन्छ ।

यसैगरी दूसंका चाबहिल मातहतका कार्यालयहरु चाबहिल, सुन्दरीजल, केएमसी सिनामंगल, कपन, जोरपाटी र इन्द्रायणीबाट एफटीटीएच सेवा उपलब्ध भइरहेको छ । दूसंका गोंगबु अन्तर्गतका कार्यालयहरु गोंगबु, टोखा, जरंखु, हात्तिगौंडा, धुन्चे, रसुवागढी र त्रिशुलीबाट यो सेवा आवश्यक पर्नासाथ प्राप्त गर्न सकिन्छ । दूसंका ठिमी मातहतका कार्यालयहरु ठिमी, कटुञ्जे, भक्तपुर, नगरकोट र दूसंका नक्साल अन्तर्गत नक्साल र ठमेल कार्यालयबाट एफटीटीएच सेवा वितरण भइरहेको छ । यसैगरी दूसंका बनेपा अन्तर्गतका कार्यालयहरु सिन्धुलीमाढी र खुर्कोट, पाँचखाल, बनेपा, पनौती, धुलिखेल, खाडिचौर, बाह्रबिसे, चरिकोट, मन्थली, जिरी, चौतारा, मैनापोखरी र तातोपानी तथा दूसंका हेटौंडा मातहत हेटौंडा, वस्तिपुर र मनहरीबाट पनि एफटीटीएच सेवा प्राप्त गर्न सकिन्छ ।

## लिज लाइन सेवा

वागमती प्रादेशिक निर्देशनलायमा लिज लाइन सेवा अन्तर्गत ९४८ इन्टरनेट र १ हजार ५८१ लाइन इन्ट्रानेट सञ्चालित छन् । यसका साथै सबै प्रकारका गरी कुल २४६ लाइन सिप अन्तर्गका सेवा उपलब्ध छन् ।

# निगमको बोर्डिङ पासमा कम्पनीको जानकारीमूलक सामग्री

नेपाल वायु सेवा निगमको अन्तर्राष्ट्रिय उडानमा प्रयोग गर्ने बोर्डिङ पासमा नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धन सम्बन्धी जानकारीमूलक सामग्री समावेश गरिएको छ ।

गत मंसिर १३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित एक कार्यक्रमका बीच नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी र नेपाल टेलिकमकी तत्कालीन निमित्त प्रमुख व्यावसायिक अधिकृत रीना डंगोलले भारतको बैंग्लोर प्रस्थान गरेका यात्रुहरुलाई बोर्डिङ पास हस्तान्तरण गरी सो कार्यको शुभारम्भ गर्नुभयो ।

निगमका अन्तर्राष्ट्रिय उडानहरुमा प्रयोग हुने बोर्डिङ पासमा नेपाल टेलिकमका व्यवसाय प्रवर्द्धन सम्बन्धी सामग्री छपाई गर्ने सम्बन्धी सम्झौता गत २०७८ चैत ६ गते भएको थियो । सोही सम्झौता अनुसार बोर्डिङ पास छपाई भएको हो ।

यस अनुसार अन्तर्राष्ट्रिय उडान अन्तर्गत प्रस्थानका लागि प्रयोग गरिने बोर्डिङ पासमा नेपाल टेलिकमको अन्तर्राष्ट्रिय रोमिङ सम्बन्धी र आगमनका लागि प्रयोग गरिने बोर्डिङ पासमा फोरजी नेटवर्क सम्बन्धी सामग्री प्रस्तुत गरिएको छ ।




सो अवसरमा व्यावसायिक प्रवर्द्धनात्मक कार्यमा दुवै संस्था मिलेर अगाडि बढ्ने कार्यको शुभारम्भ भएको र आगामी दिनमा समेत थप सहकार्य गर्न सकिने विषयमा छलफल भएको थियो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal